# सुदूरपश्चिम प्रदेश सरकार

राजेन्द्र सिंह रावल
Rajendra Singh Rawal
मा. मुख्यमन्त्री
Hon'ble Chief Minister

धनगढी, कैलाली
नेपाल

**प्रेस विज्ञप्ति**

२०७९ माघ ४

नेपाल सरकार, लगानी बोर्ड र NHPC Limited, Government of India Enterprise बीच पश्चिम सेती जलविद्युत परियोजना र सेती नदी -६ जलविद्युत परियोजना विकासका लागि समझदारी पत्रमा हस्ताक्षर भएकोमा सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट खुशी व्यक्त गर्दछु । यस परियोजना कार्यान्वयन हुँदा विकासका दृष्टिले पिछडिएको सुदूरपश्चिम प्रदेश आर्थिक तथा सामाजिक विकासको मूलप्रवाहमा प्रवेश गर्नुका साथै नेपालमा उत्पादित विद्युत निर्यात गरी मुलुकको व्यापार घाटा न्यूनीकरण गर्ने मार्ग प्रशस्त हुनेछ । यस जलविद्युत आयोजनाको विकासका लागि आवश्यक सहयोग, समन्वय र साझेदारीका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको छ ।

राष्ट्रिय गौरवको परियोजनाको रुपमा रहेको यस बहुप्रतिक्षित आयोजनाको सफल कार्यान्वयनमा साथ र सहयोग हुनुपर्नेमा कतिपय पक्षबाट यस आयोजनाको प्रतिकूल हुने गरी व्यक्त विचार र क्रियाकलाप प्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ ।

सुदूरपश्चिम प्रदेशका नागरिक र मुलुकको समृद्धिसँग जोडिएको यस महत्वपूर्ण परियोजना कार्यान्वयनमा आ-आफ्ना क्षेत्रबाट सहयोगका लागि हार्दिक अपिल गर्दछु । साथै समझदारीपत्र अनुसार परियोजना विकास र शीघ्र कार्यान्वयनको लागि नेपाल सरकारसँग अनुरोध गर्दछु ।

(राजेन्द्र सिंह रावल)

मुख्यमन्त्री

राजेन्द्र सिंह रावल
मुख्यमन्त्री